# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

शिक्षा मन्त्रालयका सचिव श्री खेमराज रेग्मी ओ.डी.ए. बेलायतको आयोजनामा मलेशिया, दक्षिण कोरिया तथा फिलिपिन्समा हुने अध्ययन भ्रमणमा भाग लिने टोलीको नेतृत्व गरी त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विश्वनाथ अर्याललाई मिति २०५२।१२।१४ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

वाणिज्य मन्त्रालयका सचिव श्री मोहनदेव पन्त नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरी तयारी पोशाकको सम्बन्धमा वार्ता गर्न संयुक्त राज्य अमेरिकातर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री राजाभाइ शाक्यलाई मिति २०५२।१२।१८ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,<br>
बलरामसिंह मल्ल<br>
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५२।१२।१२ को निर्णयानुसार निम्न अधिकृतहरूको सेवा अवधि मिति २०५२।१२।२० मा ३० वर्ष पुग्ने भएकाले मिति २०५२।१२।२१ बाट निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम निम्नानुसारको सेवा अवधि थप गरिएको छ ।

| सि.नं. | नाम | श्रेणी, पद र कार्यालय | सेवा अवधि थप गर्ने मिति |
|---|---|---|---|
| १. | श्री प्रेमबहादुर बिष्ट | रा.प. विशिष्ट, वरिष्ट सरकारी अधिवक्ता | मिति २०५२।१२।२१ बाट मिति २०५३।१०।१२ सम्म । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।